मिति २०७३/३/५ गतेका दिन प्र.जि.अ. श्री डा.मानबहादुर बीकेज्यूको अध्यक्षतामा बसेको जिल्लास्थित कार्यालय/संस्थानहरुको प्रमुखको बैंठकमा भएको निर्णयः-

१. गृह मन्त्रालय (आन्तरिक व्यवस्था "क") को च.नं.१०७०, मिति २०७३/३/१ को पत्र बमोजिम विश्व योग दिवस नेपालमा राष्ट्रियस्तरमा बनाउने भनी नेपाल सरकार मन्त्रिपरिषद्का मिति २०७३/२/२६ को निर्णयानुसार जिल्लास्तरमा प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा तपशिलका मिति र समयमा देहाय बमोजिमका कार्यक्रम गरी मनाउन जिल्लास्थित सबै कार्यालयहरुका प्रमुख सदस्य रहने गरी समिति गठन गरियो । उक्त कार्यक्रममा सबै कर्मचारीहरुको सहभागिता गराउने व्यवस्था गर्ने, गराउने ।

कार्यक्रमः-
मिति २०७३/३/७ गते विहान ६ बजेदेखि ७ बजेसम्म पशुपति मन्दिर, हुप्रचौरमा योग शिविर गर्ने
मिति २०७३/३/७ गते साँझ ५:३० बजे ब्रहमकुमारी राजयोग सेवा केन्द्रमा योग चर्चा गर्ने

२. क्षेत्रीय प्रशासन कार्यालय (म.वि.क्षे.हेटौंडा) च.नं.१३४०, मिति २०७३/२/२० निर्णय कार्यान्वयन सम्बन्धमा बिषयक पत्रको व्यहोरा बैंठकमा जानकारी भयो । सो पत्रको निर्णयानुसार जिल्लास्थित कार्यालयहरुले वार्षिक विकास सम्बन्धित कार्यक्रमको चौमासिक र बार्षिक प्रगति समिक्षा गर्दा अनिवार्य रुपमा हेलो सरकारका निर्देशनहरुको प्रगति समेत समिक्षा गर्ने गराउने ।

३. क्षेत्रीय प्रशासन कार्यालय (म.वि.क्षे.हेटौंडा) प.सं.०७२/७३-१४०२, मिति २०७३/३/०२ पत्रको व्यहोरा बैंठकमा अवगत भई प्रचलित आर्थिक निमावलीले ताकेको कार्यविधि र तालुक मन्त्रालयले दिएको निर्देशन विपरित संभौता अवधिभित्र प्राविधिक दृष्टिकोणले गर्न नसकिने कामको सम्झौताहरु नगर्ने/नगराउने व्यवस्था मिलाउने ।

४. विभिन्न स्थानमा विभिन्न भौतिक संरचनाहरुको तोडफेड तथा आगजनी गर्ने जस्ता अपराधिक गतिविधिहरु बढिरहेको हुँदा आ-आफ्ना कार्यालयहरुले आ-आफ्नो कार्यालयको आन्तरिक सुरक्षा व्यवस्था चुस्त दुरुस्त राख्ने र सुरक्षा चुनौती सम्बन्धी सूचना सुरक्षा निकायलाई समय मै जानकारी गराउने ।

५. सामाजिक सुरक्षा कोषमा सबै कर्मचारीहरुको काटिएको योगदान रकमको विवरण अनिवार्य तथा नियमित रुपमा सामाजिक सुरक्षा कोषको सचिवालयमा पठाउने व्यवस्था मिलाउने ।

६. आ.व.०७२/०७३ मा सम्बन्धित सबै कार्यालयहरुले आ-आफ्ना लक्ष्य र प्रगतिहरुको संक्षिप्त प्रतिवेदन बनाई आर्थिक बर्ष सकिएपछि जिल्ला प्रशासन कार्यालयमा पेश गर्ने साथै वेब साईट, पत्रपत्रिका लगायतका संचार माध्यमवाट सार्वजनिकीकरण गर्ने ।

७. निर्वाचन अधिकृतको कार्यालय, जिल्ला मकवानपुरको च.नं.१८७, मिति २०७३/३/१ को जिल्लास्तरको आधिकारिक ट्रेड युनियनको पदाधिकारी एव. सदस्यहरुको नामावलीहरु बैंठकमा जानकारी गराईयो ।

८. यस महिनाको अन्तिमसम्ममा बृहत कार्यक्रम गरी यस जिल्लालाई पूर्ण साक्षर जिल्ला घोषणा गर्ने कार्यक्रम रहेको वारे जिल्ला शिक्षा अधिकारीज्यूले बैंठकमा जानकारी प्रस्तुत गर्नु भयो ।

०७३।३।५